"समृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार"

# आर्थिक वर्ष २०७८/७९ को

# नीति, कार्यक्रम तथा बजेट

बकैया गाउँपालिका

मकवानपुर

बागमती प्रदेश, नेपाल

२०७८ साल असार १० गते

बकैया गाउँपालिका, मकवानपुर

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा तथा बागमती प्रदेशले लिएको **"सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"** को दीर्घकालीन सोचलाई आत्मसात गर्दै बकैया गाउँपालिकाले लिएको **"समृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार"** को दीर्घकालीन सोच पुरा गर्नेतर्फ प्रतिवद्ध रहि यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु । यस महत्वपूर्ण घडीमा नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद तथा अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक आर्थिक रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

तीनै तहका सरकार एवम् सबै सरोकारवालासँगको सहकार्य र समन्वयमा कोभिड-१९ बाट देखिएको सङ्क्रमण नियन्त्रण, रोकथाम र उपचार गरी नागरिकहरुको जीवन सहज बनाउन र अर्थतन्त्र पुनरुत्थान गर्न यस गाउँपालिका प्रतिवद्ध छ । कोभिड-१९ बाट जीवन गुमाउनु हुने सम्पूर्ण व्यक्तीहरुप्रति श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड-१९ को सङ्क्रमण भई उपचाररत् सम्पूर्ण दिदी बहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण तथा उपचार गर्न आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय सहयोग पुर्याउने नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, विकासका साझेदार मुलुक र सम्पूर्ण नागरिकहरुलाई यस गाउँपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ । कोभिड-१९ को महामारीको रोकथाम, नियन्त्रण तथा उपचारमा अहोरात्र खटिई सेवा गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी लगायत अग्रपङ्क्तिमा रही काम गर्नुहुने सबै प्रति बकैया गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

स्थानीय तहको निर्वाचन पछिको पाचौं बजेट, नीति तथा कार्यक्रम यस गरीमामय गाउँ सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रीक गणतन्त्रको लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, तराई मधेस लगायतका सम्पुर्ण आन्दोलनको स्मरण गर्न चाहन्छु । लोकतन्त्रको स्थापनार्थ सहिदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।

## स्थानीय तहको संक्षिप्त परिचय

नेपालको संविधानको धारा ५६ मा व्यवस्था भए बमोजिम गठन भएका ७५३ वटा स्थानीय तह मध्ये मकवानपुर जिल्ला बागमती प्रदेशमा हाम्रो बकैया गाउँपालिका रहेको छ । यस गाउँपालिकामा साविकमा रहेका धियाल, छतिवन, शिखरपुर, मन्थली र ठिंगनगा.वि.स.हरु रहेका छन् । हाल बकैया गाउँपालिकामा १२ वटा वडा रहेका छन् । यस गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार गाउँपालिकाको जनसंख्या ४६,२४८ जना र क्षेत्रफल ४६० वर्ग कि.मी. रहेको छ ।

**आदरणीय अध्यक्ष महोदय,**

अव, म आगामी आ.व. २०७८/७९ का लागि **योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु** प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**आ.व. ०७८/७९को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक विकस, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग , वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- स्थानीय शासन संचालन ऐन र नियमावलीका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन, वातावरण मैत्री शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, उर्जा संकट लगायतका अन्तरसम्बन्धित विषयहरु ।
- बकैया गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७७।०७८-२०८१।०८२)
- तथा गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

यी उदेश्यहरु हासिल गर्नका लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु :-

बकैया गाउँपालिका, मकवानपुर

- गाउँपालिका तथा वडा कार्यालयहरुको व्यवस्थापन र सञ्चालन,
- रोजगारीका अवसरहरुको वृद्धी,
- उत्पादन र उत्पादकत्वमा वृद्धी,
- गाउँपालिकाबाट वडाको केन्द्रसम्म जोड्ने सडक निर्माणतथा स्तरन्नोती,
- कृषिको आधुनिकरण, विविधिकरण र व्यवसायिकरण,
- विद्युत लाइन विस्तार र भोल्टेज सुधार,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्धन,
- शिक्षा, स्वास्थ्य, तथा स्वच्छ खानेपानी माथी सहज पहुँच,
- अत्यावश्यक उपभोग्य वस्तुहरुको सुदृढ र सहज आपुर्ति,
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार ।
- खेलकुद विकास
- विपद व्यवस्थापन

**आदणीय अध्यक्ष महोदय,**

अब म यीनै प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आ.ब. २०७८/०७९ को निती तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस गाउँपालिकाबाट बिषयगत रुपमा हरेक क्षेत्रको विकास लाई प्रभावकारी र व्यवस्थीत बनाउन क्षेत्र अनुसार छुट्टाछुट्टै नीतीहरु निर्माण गरिएको छ**,** जसलाई गाउँपालिकाको वार्षिक कार्यक्रममा समावेश गरी लागु गर्दै लगिनेछ । ती महत्वपुर्ण नितीहरु यस प्रकार रहेका छन् ।

**समष्टिगत नीतिहरु**

१. यस गाउँपालिका क्षेत्रका करिव ४० प्रतिशत घरधुरीका घरमुलीसंग आफ्नो परिवारका नाममा जग्गा दर्ता प्रमाणपुर्जा प्राप्त नभएको नापनक्सा समेत नभएको ऐलानी जग्गा भएको र त्यस्ता जग्गाको तथ्यांक संकलन भइसकेकोमा नापनक्सा गरी न्यनुतम क्षेत्रफलको जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउन स्थानीयतहको तर्फबाट आवश्यक पहल गरिनेछ ।

२. यस गाउँपालिकालाई चालु आ.व. २०७७।०७८ माघ २९ गते बालमैत्री गाउँपालिका घोषणा गरिएकोमा चालु आर्थिक वर्षमा संचालित बालमैत्री शासन कार्यक्रमलाई दिगोपनका लागि निरन्तरता दिइनेछ। साथै यस गाउँपालिका कार्यालयमा रहेको बालमैत्री इकाईलाई बालमैत्री सिकाई केन्द्रको रुपमा स्थापना गरिने छ।

३. यस गाउँपालिकाको सवै वडाहरुबाट गाउँपालिकाको केन्द्रमा जोडिएको मदन भण्डारी लोकमार्गसँग सडक सञ्जाल जोडिसकिएको हुँदा उक्त सडकहरुलाई स्तरोन्नती गर्दै लगिने छ।

४. यस गाउँपालिकाभित्र रहेको वकैया नदी, सिमातखोला र यससंग जोडिएको हरेक खहरे खोलाबाट भइरहेको र हुन सक्ने सम्भावित क्षतीलाई मध्यनजर गर्दै यी खोलाहरुमा आवश्यक तटबन्धन गरी वस्ती तथा उर्वर भुमी बचाउन संरक्षण कार्यक्रमलाई बकैया तथा सिमात खोलाको शिरको आवश्यक क्षेत्रदेखि नै व्यवस्थित बनाइनेछ । साथै सम्बन्धीत सरकारी तथा गैह्र सरकारी निकाय सँग समन्वय गरी अघि बढिनेछ।

५. आ व २०७८।७९ को लागि संघीय सरकारको कार्यक्रम अन्तर्गत पर्न सफल भएको बकैया नदि नियन्त्रण प्रणाली परियोजना लागु गराउन र सो को उचित कार्यान्वयनका लागि पहल गरिने छ ।

६. बकैया गाउँपालिकाबाट यस गाउँपालिकाका वडाहरुमा गाउँपालिका स्तरीय बजेट विनियोजन गर्दा सम्बन्धित वडाको जनसंख्या, क्षेत्रफल, भौगोलिक विकटता, विकास निर्माण कार्यमा स्थानीय जनताको अग्रसरता, भारित लागत आदिका आधारमा समतामुलक बजेट विनियोजन गरीनेछ।

७. वडा, विषयगत क्षेत्र तथा संस्थाहरुबाट माग भई आएका योजनाहरुको संकलन गरी गाउँपालिका स्तरीय योजना बैंक बनाइएकोमा त्यस्ता योजनाहरुलाई प्राथमिकताको आधारमा क्रमश सञ्चालन गर्दै लगिनेछ।

८. यस गाउँपालिकाका विभिन्न वडाहरुका दुरदराजमा छरिएर रहेका तथा जोखिममा रहेका घरधुरीहरुलाई समेत विकासको मुलप्रवाहमा ल्याउन त्यस्ता बस्तीहरुलाई स्थानान्तरण गरी एकिकृत बस्ती विकास गर्न एकिकृत वस्ती विकास गुरुयोजना निर्माण गरी अघि बढिनेछ।

९. गाउँपालिका क्षेत्रभित्र रहेका प्रत्येक घरधुरीलाई समावेस गराएर टोलविकास संस्था गठन कार्यलाई निरन्तरता दिइनेछ । साथै त्यस्ता टोल विकास संस्थालाई गाउँपालिकाको समग्र विकासमा सहचारीको रुपमा क्रमश अघि बढाइनेछ ।

१०. गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२) तयार भईसकेकोमा उक्त आवधिक योजनासङ्ग समन्वय हुनेगरी वार्षिक योजनाहरु तय गरिनेछन् ।

११. गाउँपालिकामा विकास योजना सञ्चालन गर्दा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण गर्दै योजना कार्यान्वयन गर्नका लागि नीतिगत तथा कानुनी व्यवस्थाको साथ अघि बढिने छ ।

१२. सुरक्षित आप्रवासन कार्यक्रमलाई गाउँपालिकाको सबै वडाहरुमा विस्तारको रणनीति अवलम्बन गरिने छ ।

१३. १५ वर्ष भन्दा बढी अवधि कार्य गरेका निजी, राहत करार, वालविकास शिक्षक तथा कर्मचारीलाई अवकाश हुँदाको बखत कार्यविधि बनाई सुविधा उपलब्ध गराइने व्यवस्था गरिने छ ।

१४. गाउँपालिकाका निर्वाचित प्रतिनिधि र कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि, नेतृत्व विकास र विषयगत ज्ञान बढोत्तरी गर्दै सक्षम र व्यावसायिक जनशक्ति निर्माणमा जोड दिइने छ । साथै कर्मचारीहरुलाई उचित प्रोत्साहनको नीति अवलम्वन गरिने छ ।

१५. स्थानीय तह स्थापना भए पश्चात संघीय व्यवस्था संस्थागत गर्नका लागि यस गाउँपालिकाले विभिन्न ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरु निर्माण गरि कार्यान्वयनमा ल्याएको छ । संवैधानिक प्रावधान अनुरुप स्थानीय तहको एकल अधिकार र साझा अधिकार सूचीमा रहेका विषयहरुसँग सम्बन्धित बाँकी रहेका आवश्यक कानुनहरु क्रमशः निर्माण गरिने छ । हालसम्म तर्जुमा भएका कानुनहरुको कार्यान्वयन प्रभावकारिताको अध्ययन गरिने छ ।

## क्षेत्रगत नीति तथा आधारहरु

### आर्थिक विकास

१. कृषि तथा पशुपालन क्षेत्र यस गाउँपालिकाको तुलनात्मक लाभको क्षेत्र भएकोले कृषि क्षेत्रको आधुनिकीकरण विविधिकरण तथा व्यवसायीकरणबाट मात्र यस गाउँपालिकाको समुन्नती सहज हुने भएकोले कृषि क्षेत्रको विकासमा आवश्यक पहल गरिनेछ।

२. कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक अनुदानको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उत्पादित कृषिजन्य तथा पशुजन्य उपजको सहज बजार पहुँचलाई सुनिश्चीत गरिनेछ।

बैंक्या गाउँपालिका मकवानपुर

३. पशुपालन तथा कृषिको लागि ठुला आकारका कृषि केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

४. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । सिँचाइ, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइनेछ ।

५. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी पर्यटन प्रवर्धन गर्न पर्यटन गुरुयोजना निर्माण गरी अघि बढिनेछ ।

६. गाउँपालिका स्तरमा होम स्टे निर्माणको लागि सम्भाव्यता अध्ययन तथा निर्माणको प्रकृया अगाडी बढाइनेछ ।

७. कोभिड-१९ को महामारी लगायतका कारण वैदेशिक रोजगारी तथा अन्य क्षेत्रबाट यस पालिकामा फर्किएका स्थायी बासिन्दालाई कृषि पेशामा आवद्ध गराउने कार्यलाई विशेष जोड दिइनेछ।साथै वैदेशिक रोजगारीबाट फर्किएका र अन्य बरोजगार यूवाहरुलाई उद्यम व्यवसाय सञ्चालनकोलागि छुट्टै कोष सञ्चालन गरिनेछ।

८. गाउँपालिका क्षेत्रमा तरकारी उत्पादन तथा बजारीकरणमा बढोत्तरीका निम्ति तरकारी उत्पादक किसानको लागि प्रोत्साहनको नीति अवलम्बन गरिने छ ।

९. कृषि ऋण कोष व्यवस्थापन गरी व्यवसायिक कृषि कार्यलाई प्राथमिकता दिइनेछ ।

१०. एक वडा एक लगु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

११. खाद्य तथा पोषण सुरक्षा सुनिश्चितताका लागि कृषि, पशुपंक्षी तथा मत्स्य क्षेत्रको व्यवसायिकीकरण र बजारीकरण मार्फत यस गाउँपालिकालाई प्रमुख कृषि उपजहरुमा आत्मनिर्भर बनाउँदै लगिने छ । साथै बाँझो जग्गामा खेतीका लागि प्रोत्साहनको नीति अवलम्बन गरिने छ ।

१२. सम्भाव्य फलफूल, तरकारी तथा खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरिने छ ।साथै उच्च तथा नवीनतम प्रविधियुक्त संरचनामा गरिने खेतीलाई निरन्तरता दिइने छ ।

१३. दुग्ध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीलाई निरन्तरता दिइने छ ।

१४. सिञ्चित क्षेत्र विस्तार गरी कृषि उत्पादनमा वृद्धि गर्न लिफ्ट सिँचाइ, डिप बोरिङ, साना सिँचाइ, प्लास्टिक पोखरी जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१५. प्रमुख खाद्यान्न बालीको गुणस्तरीय उन्नत बिउ उपलब्धता वृद्धि गर्नुका साथै स्थानीय रैथाने जातिका बिउहरुको संरक्षण तथा प्रवर्धन गरिने छ ।

१६. प्राङ्गारिक मल उत्पादन, प्राङ्गारिक खेती र सोको उपयोग गर्न तथा उत्पादनको बजारीकरणका लागि प्रोत्साहन र प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१७.	पशुपंक्षीहरुमा लाग्ने विभिन्न सङ्क्रामक रोगहरु विरुद्ध खोपको सुनिश्चितता गरिने छ । रैथाने/स्थानीय जातका पशुपंक्षीहरुको उत्पादनमा जोड दिँदै आनुवांशिक स्रोत संरक्षण, प्रवर्धन र सदुपयोग गरिने छ ।

१८.	सहकारी क्षेत्र नेपाल सरकारको ३ खम्बे अर्थनीति मध्येको एक प्रमुख खम्बा भएकोले सहकारी क्षेत्रको प्रवर्धन तथा विकासको लागि आवश्यक पहल गरिनेछ ।

१९.	सहकारी संस्थालाई थप व्यवस्थित गर्न सहकारी सम्बन्धी विभिन्न कार्यक्रम तथा कृयाकलापहरुलाई निरन्तरता दिइनेछ।

२०.	सहकारी एकीकरण नीतिलाई प्राथमिकता दिइनेछ।

२१.	निष्कृय रहेका सहकारीहरुलाई सकृया बनाउन पहल गरिने छ । सकृया हुन नसकेका सहकारी संस्थाहरुलाई विघटनको प्रकृया अगाडी बढाईने छ ।

२२.	सहकारी संस्थालाई व्यवस्थित रुपमा अगाडी बढाउनका लागि एक वडामा एकै प्रकृतिका सहकारी संस्थाहरु एक भन्दा बढी दर्ता नहुने गरि व्यवस्था मिलाइने छ ।

२३.	कृषि सहकारी नभएका वडाहरुमा कृषि सहकारी निर्माणको लागि प्रोत्साहन गरिने छ । बचत तथा ऋण सहकारी र बहुउद्देश्य सहकारीको कार्यक्षेत्र विस्तारलाई प्राथमिकता दिई सेवा पुर्याउन बाँकी रहेका क्षेत्रमा नयाँ सहकारि दर्ताको लागि पहल गरिने छ ।

## समाजिक विकास

**स्वास्थ्य**

१. मौलिकहकको रुपमा रहेको गुणस्तरीय निशुल्क आधारभुत स्वास्थ्य सेवालाई सुरक्षित प्रसूति सेवा सहितको न्युनतम सेवा मापदण्ड अनुसारको सेवा सम्पूर्ण वडाका स्वास्थ्य संस्थाहरुमार्फत निरन्तर रुपमा प्रदान गरिनेछ।

२. गाउँपालिका स्तरमा कम्तिमा एउटा १५ शैयाको अस्पताल रहने प्रावधान रहेकोमा छतिवन प्राथमिक स्वास्थ्य केन्द्रलाई नै १५ शैयाको बकैया अस्पतालको रुपमा स्थापना गरि भवन निर्माणको लागि डिपिआर तयार गरि ठेक्का प्रकृया मार्फत भवन निर्माण कार्य अगाडी बढाइने छ।

३. नेपाल सरकारको नीतिको रुपमा रहेको नो होम डेलिभरी कार्यक्रमलाई यस गाउँपालिकाले समेत आत्मसात गरी सफल पार्न आबश्यकता अनुसार बर्थिङ्ग सेन्टरहरु व्यवस्थित गरी आवश्यकता अनुसार थप गरिनेछ। नो होम डेलिभरीलाई बढावा दिन गर्ववतीलाई निःशुल्क भिडियो एक्सरे सेवा, यातायात सुविधा लगायत सेवाग्राहीहरुलाई प्रोत्साहन गर्ने विविध कृयाकलापहरु सञ्चालन गरिने छ।

४. २४ घण्टे आकस्मीक सेवालाई नियमीत र प्रभावकारी बनाउनुका साथै पोषण सम्बन्धि कार्यक्रमहरुलाई बहुक्षेत्रिय लगानीका रुपमा निरन्तरता एवं पूर्ण पोषणयुक्त गाउँपालिका, पूर्ण खोप, पूर्ण संस्थागत प्रसूति बनाउनुका साथै परिवार नियोजनका लामो समयका साधनको प्रयोग दरलाई बढाई कुल प्रजनन् दरमा कमी ल्याइनेछ। प्रस्तुत सेवाहरुलाई प्रभावकारी बनाउन एम्बुलेन्स सेवा विस्तार गर्नुका साथै दुर्गम क्षेत्रको लागि स्ट्रेचरको व्यवस्था समेत गरिनेछ।

५. महिला स्वास्थ्य स्वयंसेबिकाहरुको कार्यलाई प्रभावकारी बनाइनेछ। महिला स्वास्थ्य स्वयंसेविका कोषलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ। साथै क्षमता अभिवृद्धि गरी आवश्यक प्रोत्साहन सहित महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

६. क्षयरोग, भिटामिन ए, विद्यालय स्वास्थ्य शिक्षा ,अन्तर्क्रिया, स्वास्थ्य सम्बन्धी जनचेतना लगायतका थप कार्यक्रमहरु संचालन गरी स्वास्थ्यका बिषयवस्तुमा सबै नागरिकहरुलाई सुसुचित गराईनेछ।

७. सरुवा रोगको साथसाथै नसर्ने रोगहरुको रुग्ण दरमा कमी ल्याउने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

८. कोभिड-१९ को महामारीलाई मध्यनजर गर्दै कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई वढावा दिने, स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहित गर्ने, स्वास्थ्य सामाग्रीहरुको अभाव हुन नदिनुको साथै आइसोलेसन कक्षलाई व्यस्थित गरिने छ ।

९. गाउँपालिकाका बिरामीहरुको लागि आवश्यक रगतको व्यवस्थापन पालिकाबाट निःशुल्क रुपमा गरिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१०. गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुमा अक्सिजनको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११. औषधी उपचारको क्रममा आर्थिक समस्यामा परेका हरुको लागि आवश्यक कार्यविधि तयार गरि आर्थिक सहयोगको व्यवस्था मिलाईने छ ।

१२. जिल्ला समन्वय समिति मकवानपुरसँगको समनव्य र जिल्लाका अन्य स्थानीय तहसँगको लागत साझेदारीमा सरुवा रोग उपचारका लागि जिल्ला स्तरमा छुट्टै अस्पताल स्थापना गरिने छ ।

१३. गाउँपालिका स्थित विभिन्न सामुदायिक स्वास्थ्य इकाई तथा बर्थिङ्ग सेन्टरहरुलाई स्तरोन्नतीको नीति अवलम्बन गरिने छ ।

१४. गाउँपालिकामा स्थापित आयुर्वेद औषधालयलाई भौतिक पूर्वाधारको व्यवस्थापन लगायत थप सुदृढिकरणको व्यवस्था मिलाइने छ ।

**शिक्षा**

१. सामुदायिक तथा संस्थागत बिद्यालयको शिक्षाको बिचमा देखिएको खाडल कम गर्न शैक्षिक शत्र २०७६ देखी शुरु भएको केही विद्यालयहरुका आधारभुत तहमा अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने विद्यालयको सङ्ख्या विस्तार गरिनेछ ।

२. सामुदायिक बिद्यालयका शिक्षकहरुलाई बालमैत्री पठनपाठन सम्बन्धी क्षमता बिकास तालिम संचालन गरि बालमैत्री कक्षाको ब्यवस्थापन गर्नुका साथै बिषय शिक्षकहरुको समुहमा गाउँपालिका स्तरमा शिक्षण सिकाई सम्बन्धि नमुना कक्षाको ब्यवस्था गरिनेछ।

३. विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरु ,प्रारम्भिक वालविकास सहजकर्ता, प्रधानाध्यापक , बिषय शिक्षक, गाउँशिक्षा समितिहरुलाई आ-आफ्नो भुमिका , उत्तरदायित्व, शिप विकास लगायत जिम्मेवारी वहन गराउन तालिम सेमिनार गोष्ठीहरु संचालन गरिनेछ।

४. बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याउनका लागि बिशेष प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

५. स्रोत विद्यालय, सामुदायिक बिद्यालय र अन्य बिद्यालयहरुमा भौतिक पुर्वाधार, बिज्ञान प्रयोगशाला, जनशक्ति लगायतको उचित ब्यवस्थापन गरिनेछ।

६. प्रत्येक वडाका कम्तीमा १-१ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकसित गरी अघि बढिनेछ ।

७. आवासीय विद्यालयहरुको शुरुवात गरिनेछ।

हेटौंडा गाउँपालिका, मकवानपुर

८. कोभिड-१९ बाट भएको शैक्षिक क्षति न्यूनिकरणका लागि सिकाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। सो को लागि वैकल्पिक शिक्षण सिकाई पहिचान तथा कार्यक्रम गरिनेछ।

९. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा विधार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ । साथै दरवन्दी मिलान गर्दा समेत दरवन्दी अपुग भएको अवस्थामा कार्यविधी निर्माण गरी त्यस्ता विद्यालयहरुलाइ विशेष अनुदान दिने मार्गमा अघि बढिनेछ ।

१०. विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय समायोजनको नीति लिईनेछ।

११. प्रसूति सट्टा शिक्षक व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

१२. गाउँपालिका भित्रका सामूदायिक विद्यालय सवलीकरण नीति अवलम्बन गरिनेछ।

१३. हरित विद्यालयको अवधारणालाई निरन्तरता दिइनेछ ।

१४. बालमैत्री विद्यालय र विद्यार्थी सिकाउ टिकाउ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. प्राविधिक शिक्षा तथा उच्च शिक्षाका लागि जेहेन्दार छात्रवृत्ति कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ।

१६. गाउँपालिका भित्र प्राविधिक शिक्षा निःशुल्क उपलब्ध गराइनेछ।

१७. बालमैत्री कार्यक्रमहरु सञ्चालनको लागि बालकोषको स्थापना गरि सञ्चालन गरिनेछ।

१८. स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।

१९. कक्षा ११ र १२ सञ्चालित सामुदायिक माद्यामिक विद्यालयलाई थप अनुदानको व्यवस्था गरिने छ ।

२०. बाल विकास शिक्षक ताथ विद्यालय कर्मचारीहरुको तलबमान संघीय सरकारको नीति अनुरुप कार्यान्वयन गरिदैं लगिने छ ।

२१. जहाँ विद्यार्थी त्यहाँ शिक्षक भन्ने नारालाई सार्थक बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विषयगत, तहगत शिक्षक, कर्मचारी, वालविकास शिक्षक व्यवस्थापन गरिने छ ।

२२. स्रोत शिक्षकको व्यवस्थापनलाई निरन्तरता दिइने छ ।

**खानेपानी तथा सरसफाई**

१. स्वच्छ खानेपानी माथी सबैको पहुँच सुनिश्चित गरिनेछ । जसका लागि १ घर १ धारा नीति अबलम्बन गरि लागु गरिनेछ ।

२. हरेक वडाको एक बस्तीलाई सरसफाईमा नमुना बस्तीको रुपमा बिकसित गर्न आवश्यक पहल गरिनेछ ।

३. गाउँघर सरसफाईको नीति अवलम्बन गरिनेछ ।

४. गाँउपालिका स्तरमा नै जलस्रोत समिति दर्तालाई निरन्तरता दिइने छ ।

५. गाँउपालिका भित्र खानेपानीको स्वच्छता परिक्षण कार्यलाई अगाडि बढाइनेछ ।

६. गाउँपालिका भित्रको फोहोर मैला व्यवस्थापनको लागि निश्चत क्षेत्र तोकि व्यवस्थित गरिनेछ ।

**भाषा, साहित्य तथा संस्कृति प्रवर्धन**

१. स्थानीय भाषा, कला साहित्य संस्कृती पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण सम्वर्द्धन गरी आन्तरिक पर्यटनप्रवर्द्धनमा जोड दिईनेछ ।

२. बकैया ठाकुर मन्दिर पर्यटकिय पार्क र गौतम बुद्ध  पर्यटकीय पार्क, धनेश्वर पर्यटन पार्क, लटरम्मेश्वर महादेव मन्दिर, लगायत अन्य स्थानमा पर्यटन क्षेत्रको विस्तार गरिनेछ ।

३. अति सिमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातीहरुको संस्कृति संरक्षण तथा प्रवर्द्धनका लागि संग्रहालय निर्माणको लागि जोड दिइनेछ ।

४. गाउँपालिका स्तरीय प्रज्ञा प्रतिष्ठान निर्माणको प्रकृया अगाडी बढाइनेछ ।

**लैङ्गिक समानता र समावेशीकरण**

१. बलबिवाह न्युनीकरण गर्न सम्बन्धीत निकाय सँग सहकार्य गरी आवश्यक पहल गरिनेछ ।

२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न महिला, वालवालिका, दलित, आदिवासी जनजाति, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण गर्न आवश्यक क्षमता विकासका कार्यक्रमहरू संचालन गरीनेछ ।

३. महिलाहरुलाई सीपमूलक तालिम प्रदान गरी क्षमता अभिवृद्धी गरी उनीहरुलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।



बकैया गाउँपालिका, मकवानपुर

४. लैंगिक हिंसा न्यूनिकरणका लागि सरोकारवाला निकायहरुसँग अन्तरर्क्रिया कार्यक्रम संचालन गरिनेछ । किशोरीहरुको क्षमता अभिवृद्धी कार्यक्रम संचालन गरिनेछ ।

५. विशेष अवस्थामा रहेका गर्भवती, वृद्ध र बालबालिकालाई आवश्यक सेवा प्रदान गरिनेछ।

६. अपाङ्ग परिचय पत्र वितरण गर्नुका साथै अपाङ्गता भएका ब्यक्तिहरुका लागि सहायक सामाग्री उपलब्ध गराउने तथा सीप बिकास तालिम संचालन गरिनेछ ।

७. अपाङ्ग, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, सिमान्तिकृत समुदायको सशक्तीकरणको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । उक्त समुदायलाई रोजगार लगायतका अवसरहरुमा प्राथमिकताको नीति अवलम्बन गरिनेछ ।

८. सहयोगापेक्षी सडक मानवमुक्त अभियानलाई अन्य निकायहरुसँगको समन्वय तथा सहकार्यमा निरन्तरता दिइने छ ।

९. गाउँपालिकाका बालबालिका तथा युवालाई लक्षित गरी लागु औषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा घरेलु हिंसा, मानव वेचविखन र विद्युतीय अपराध विरुद्ध सचेतना अभियान कार्यक्रम सञ्चालन गरिने छ ।

१०. अति विपन्न महिलाहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

११. महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आयआर्जनका कार्यक्रम सञ्चालन गरिने छ ।

१२. महिला मात्र उपभोक्ता रहेका उपभोक्ता समितीलाई बढी प्राथमिकता दिइनेछ ।

१३. वडाहरुमा मनोविमर्शकर्ताको व्यवस्था गरिनेछ।

१४. बाल श्रम न्यूनिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**खेलकुद तथा मनोरन्जन**

१. खेलकुद क्षेत्रको विकास मार्फत यस गाउँपालिकालाइ जिल्ला, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित गराउन आवश्यक खेलकुद कार्यक्रमहरु संचालन गरिनेछ । साथै खेलाडीहरुको आवश्यक क्षमता विकासमा जोड दिइनेछ ।

२. गाउँपालिका स्तरीय खेलकुद विकास समिति लाई व्यवस्थित गरिने छ ।

३. गाँउपालिका स्तरीय कभर्ड हलको निर्माण कार्यलाई प्राथमिकताको साथ अगाडी बढाइने छ । साथै खेलाडीहरुको लागि आवश्यक प्रशिक्षणको लागि प्रशिक्षकको व्यवस्था गरिनेछ ।

४. खेलकुद क्षेत्रको विकास र विस्तारका लागि खेलकुद क्षेत्रका विभिन्न सँस्थाहरुसङ्ग समन्वय गरि अघि बढिनेछ ।

५. जिल्लाका अन्य स्थानीय तहहरुसँगको लागत साझेदारीमा सञ्चालन हुँदै आएको स्थानीय तह सहिद स्मृती फुटबल कार्यक्रमको लागि गरिने लागत साझेदारीलाई निरन्तरता दिइने छ । गाउँपालिकामा सञ्चालन हुने बकैया कप फुटबललाई निरन्तरता दिइने छ । साथै फुटबल, भलिवल, क्रिकेट, करौँते, व्याडमिन्टन जस्ता खेलहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।

६. हात्तीसुँडे स्थित निर्मित गाउँपालिका स्तरीय रंगशालालाई आवश्यक सुधार गर्दै लगिने छ ।

७. एक वडा एक खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिइने छ ।

## पुर्वाधार विकास

**बकैया गाउँपालिकाको रहर विकासमा लहर भन्ने नारालाई निरन्तरता दिँदै देहाय बमोजिमका पुर्वाधार विकासका गतिविधि सञ्चालन गरिने छ।**

**सडक निर्माण**

१. गाउँपालीकाको केन्द्रबाट प्रत्येक वडा केन्द्रसम्म निर्माण गरिएको सडकहरुलाई स्तरोन्नती गरिनेछ भने प्रत्येक वडा केन्द्र देखि प्रत्येक गाँउसम्म न्यूनतम मापदण्ड अनुसारको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२. गाउँपालिका भित्र ट्र्याक ओपन भइसकेका सडकहरुलाइ बाह्रै महिना चल्ने बनाउन ती सडकहरुको स्तरोन्नतीमा आवश्यक पहल गरिनेछ । ती सडकहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी क्रमानुगत तवरले स्तरोन्नती गर्दै लगिनेछ । साथै सडकहरु स्ल्याब ढलान र पिचको कार्यलाई प्राथमिकता दिइनेछ ।

३. गाउँपालिकाको पारवाहन गुरुयोजना तयार गरी गाउँपालिकाका सबै वडाहरुलाई व्यवस्थित तरीकाले सडक संजालमा जोड्ने कार्य अघि बढाइनेछ ।

बकैया गाउँपालिका, मकवानपुर

४. विशेष महत्वका क्षेत्रहरु पर्यटन पार्क, विद्यालय लगायतका क्षेत्रमा सडक सञ्जाल सहज गराइनेछ।

५. "बकैया बासीको आवश्यकता गोल सडकलाई प्राथमिकता" भन्ने अवधारणाको साथ विकास गतिविधि सञ्चालन गरिनेछ ।

६. गाउँपालिकामा निर्माण तथा स्तरोन्नती भएका सडकहरुको नियमित, आवधिक तथा आकस्मिक मर्मत सम्भार कार्यलाई योजनाबद्ध ढङ्गबाट कार्यान्वयन गरिने छ ।

७. सडक निर्माणको कारणबाट सिर्जित भू-क्षय तथा पहिरो न्यनीकरणका लागि बायो इन्जिनियरिङ तथा सडक सौन्दर्यीकरणको लागि वृक्षारोपण कार्यलाई विशेष ध्यान दिइने छ ।

८. वातावरणीय परिक्षण गरेर योजना सञ्चालन गर्नका लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कानुनी व्यवस्था सहित कार्यान्वयन अगाडी बढाइने छ ।

९. यस गाउँपालिका वडा नं. ७ भिरकोटमा बसपार्क निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

**विद्युतीकरण**

१. यस बकैया गाउँपालिकाका सबै वडाहरुमा विद्युत सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । साथै हालसम्म विद्युत नपुगेका क्षेत्रहरुलाई पहिलो प्राथमिकतामा राखिने छ ।

२. बकैया गाँउपालिका वडा नं. ४ भिमसेन दमारमा निर्माणाधिन सव स्टेशनलाई छिटो निर्माण गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

३. गाउँपालिकाको विभिन्न क्षेत्रहरुमा विद्युत सेवा उपलब्धतामा सहजताका लागि फ्यूज शाखा स्थापनाको लागि आवश्यक पहल गरिने छ ।

**पुल तथा झोलुङ्गेपुल**

४. बकैया गाउँपालिका भित्र आवश्यकता अनुसार पक्की, बेलिबृज तथा झोलुङ्गे पुलको निर्माणको लागि प्रदेश तथा संघ सँग समन्वय गरी अघि बढिनेछ।

**भवन तथा शहरी विकास**

१. भवन निर्माणलाइ व्यवस्थित गर्न गाउँपालिकाको शहरी विकास मापदण्ड तथा भवन निर्माण संहिता लागु गरिनेछ। साथै व्यवस्थित शहरीकरणलाई प्राथमिकता दिइ सोहि बमोजिम गुरुयोजना निर्माण गरी अघि बढिनेछ ।

२. जोखिम बस्तीहरुको पहिचान गरि आवश्यकता अनुसार स्थानान्तरणका लागि पहल गरिनेछ।

३. घर नक्सा पासको लागि कार्य अगाडी बढाइने छ ।

**सिचाँइ**

१. गाउँपालिकाको पहुँचमा रहेका सिंचाई आयोजनाहरुलाई निरन्तरता दिइनेछ।

२. गाउँपालिका भित्र संचालन गर्न सकिने बृहत सिचाइ परियोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आवश्यक बजेट व्यवस्थाको लागि संघीय तथा प्रदेश तथा पहल गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापन**

१. गाउँपालिकाबाट सडक निर्माण लगायतका विकास निर्माण कार्य संचालन गर्दा आवश्यकता अनुसार वातावरणीय प्रभाव मुल्यांकन गरी वातावरण मैत्री बनाइनेछ।

२. चट्याङ्गको सुरक्षाका लागि अति संवेदनसिल क्षेत्रमा लाइटिङ्ग एरेष्टरको प्रयोग गरी चट्याङ्गबाट वर्षेनी भइरहेको मानविय क्षतिलाई न्युनिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३. सामुदायिक वनहरुसँगको सहकार्यमा वन तथा जलाधार क्षेत्रको संरक्षण गरिनेछ।

४. घरबाट निस्कने फोहोर व्यवस्थापनको लागि कन्टेनरहरुको व्यवस्थापन गर्दै फोहोरको उचित व्यवस्थापन समेतमा ध्यान पुर्‍याईनेछ । गाउँपालिकाका विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयहरुको व्यवस्थाको लागि आवश्यक अध्ययन गरिनेछ।

५. एक घर दुई फलफुल विरुवा कार्यक्रमलाई व्यवस्थित गरिनेछ।

६. समृद्ध र हराभरा बकैया गाँउपालिकाको नारा सहित दिगो विकासलाई मध्यनजर गर्दै विकास गतिविधि सञ्चालन गरिनेछ।

७. वर्तमान कोविड १९ को महामारीलाई मध्यनजर गर्दै स्वास्थ्य संस्थामा पर्याप्त मात्रामा औषधी व्यवस्थापन तथा आवश्यकता अनुसार आइसोलेसन कक्ष व्यवस्थापन गरिनेछ।

बकैया गाउँपालिका, मकवानपुर

८. बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी लगायतका प्रकोप पिडितहरुलाई आवश्यक सहयोग गरिनेछ।

९. जोखिम वस्तीहरुको पहिचान गरि आवश्यकता अनुसार स्थानान्तरण गरिनेछ ।

## संस्थागत विकास सेवाप्रवाह र शुसासन

१. बकैया गाउँपालिकाको सेवाप्रवाहलाई चुस्त दुरुस्त र सहज बनाउन गाउँपालिकाको स्थायी प्रशासकिय भवनको निर्माण कार्यलाई प्राथमिकताको साथ शुरुवात गरिनेछ ।

२. गाउँपालिका भित्रका सबै कार्यालयहरुमा आबश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक पुर्वाधार, ईन्टरनेट प्रणाली, सूचना प्रणालीको बिकास गर्दै जनप्रतीनिधी तथा कार्यालयका कर्मचारीहरुलाई क्षमता बिकासका कार्यकमहरु लाई निरन्तरता दिइनेछ ।

३. वित्तिय व्यवस्थापनको जवाफदेहिता र क्षमतामा अभिबृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त दुरुस्त र कम्प्युटराईज गरिनेछ।

४. कार्यकम तथा बजेटको आयव्यय विवरण सजिलै देखिने ठाउँमा टाँस गर्नुका साथै सार्वजनिक सुनवाई कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।

५. सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ्ग प्रणाली मार्फत गर्ने कार्यलाई निरन्तरता दिइने छ । साथै यस गाउँपालिकाबाट हुने सम्पुर्ण कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत गरिने छ।

६. सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरिय बनाउदै लगिनेछ।

७. समिक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुशासनलाई प्रवर्धन हुने कार्यक्रमहरु सञ्चालन गरीनेछ।

८. भ्रष्टाचारजन्य क्रियाकलाप प्रति शुन्य सहनसिलताको अवधारणा मार्फत शुसासनमा टेवा पुऱ्याईनेछ। बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ।

९. पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता कार्यलाइ सबै वडाबाट संचालन गरिनेछ ।

बकैया गाउँपालिका मकवानपुर

१०. गाउपालिकाको पाश्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्तचित्र निर्माणजस्ता कार्यलाई निरन्तरता दिँदै गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।

११. सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिनरी औजारले सुसज्जित गरी सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाइनेछ ।

१२. दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन ।थप राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिनेछ ।

### प्रधानमन्त्री रोजगार कार्यक्रम

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिकाको अन्य विकास योजना तथा कार्यक्रमहरु सङ्ग समन्वय गरि अगाडी बढाइनेछ।

२. यस गाउँपालिका अन्तर्गत दर्ता भएका बेरोजगार व्यक्तीहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममूलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराईनेछ ।

३. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनलाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

४. नेपाल सरकारको नीति बमोजिम "आफ्नो माटो चिनौं, आफ्नै गाउँ बनाऔं" स्वावलम्बन अभियान सञ्चालन गरि युवाहरुलाई रोजगारीको अवसर पहिचानमा सहजीकरण गरिनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार साझेदारी कोष निर्माण गरि सञ्चालन गरिनेछ । साथै नेपाल सरकारसङ्गको सहकार्यमा रोजगार सञ्चालन कार्यविधि निर्माण गरि लागु गरिनेछ ।

## सूचना तथा सञ्चार

१. गाउँपालिका स्तरमा बकैया एफ.एम. सञ्चालन, पत्रपत्रिका साथै अन्य सञ्चार सेवा सञ्चालनको लागि प्रकृया अगाडि बढाइनेछ ।

### अन्य

बकैया गाउँपालिका, मकवानपुर

१. बकैया २ कालापानी धियालमा रहेको युरेनियमलाई केन्द्र र प्रदेश सरकारसङ्ग समन्वय गर्दै परिक्षणको कार्यलाई अगाडि बढाइनेछ ।

२. खरको छानामुक्त गाँउपालिका निर्माणको लागि विपन्न वर्ग, द्वन्द्व पिडित, सहिद परिवार, सिमान्तकृत वर्गलाई प्राथमिकतामा राखेर जस्ताको छाना छाउने कार्यका लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ।

३. सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा आवश्यक सफ्टवयेरको व्यवस्था गरिनेछ।

४. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना प्रणाली सुदृढिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

बकैया गाउँपालिका, मकवानपुर

## बजेट तथा कार्यक्रम

अब म आगामी आ.व. ०७८/ ७९ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेटविवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

यस आवमा आयतर्फ नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. १२ करोड ६२ लाख, सशर्त अनुदान तर्फ रु. २७ करोड ३८ लाख, राजश्व बाँडफाँड तर्फ ११ करोड ३० लाख १२ हजार गरी कुल रु ५१ करोड ३० लाख १२ हजार प्राप्त भएको,

त्यस्तै बागमती प्रदेश सरकारबाटवित्तीय समानीकरण अनुदान अन्तर्गत रु. १ करोड ६ लाख १० हजार, सशर्त अनुदान तर्फ रु १ करोड ६७ लाख ७९ हजार, राजश्व बाँडफाँड तर्फ ३ करोड ११ लाख ५३ हजार ७ सय १८ रुपैंया ९६ पैसा र समपूरक २ करोड ९७ लाख ६४ हजार गरी कुल रु ८ करोड ८३ लाख ६ हजार ७ सय १८ रुपैंया ९६ पैसा प्राप्त भएको,

त्यस्तै,

यस गाउँपालिकाको आ.व. ०७८।७९ को लागि राजस्व आय प्रक्षेपण रु. २ करोड ५० लाख ६० हजार,चालु आ.ब.को अनुमानित नगद मौज्दात रु. २० लाख गरी आन्तरिक श्रोत रु. २ करोड ७० लाख ६० हजार हुने अनुमान रहेकोमा **आ.व. ०७८।७९ को कुल बजेट रु ६२ करोड ८३ लाख ७८ हजार ७ सय १८ रुपैयाँ ९६ पैसा**को हुने अनुमान रहेको छ ।

जसमध्ये खर्च तर्फ नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान तथा राजश्व बाँडफाँड,बागमती प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तथा राजश्व बाँडफाँड, आन्तरिक आय र चालु आव को मौज्दात समेत जम्मा रकम रु ३३ करोड ७७ लाख ९९ हजार ७ सय १८ रुपैंया ९६ पैसा रकम मध्ये संचालन खर्च तर्फरु. ७ करोड, र विकास बजेट तर्फ रु २६ करोड ७७ लाख ९९ हजार ७ सय १८ रुपैंया ९६ पैसा विनियोजन गरिएको छ ।

नेपाल सरकारबाट शशर्त अनुदान तर्फ प्राप्त रु. २७ करोड ३८ लाख तथा बागमती प्रदेश सरकारबाट शशर्त अनुदान तर्फ प्राप्त रु १ करोड ६७ लाख ७९ हजार रकम गरी जम्मा रु २९ करोड ५ लाख ७९ हजार रकमलाई तत् तत् तहबाट नै तय भई आए बमोजिमखर्च गरिनेछ ।साथै बागमती प्रदेश सरकारबाट बाट प्राप्त समपुरक अनुदान रु.२ करोड ९७ लाख ६४ हजार रकमलाई प्रदेश सरकारसँगको सहकार्यमा योजनाहरु सञ्चालन गरिनेछ ।

विनियोजन गरिएको रकम मध्ये यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुतथा विभिन्न विषयगत कार्यालय समेतको लागि संचालन खर्च तर्फ रु ७ करोड विनियोजन गरिएको छ । जुन संघ र

प्रदेश बाट प्राप्त वित्तिय समानीकरण, राजश्व बाँडफाँड,वार्षिक अनुमानित राजस्व आय र गत वर्षको मौज्दात गरी कुल रकमको करिब २१% हुन आउँछ भने विकास बजेट तर्फ रु २६ करोड ७७ लाख ९९ हजार ७ सय १८ रुपैंया ९६ पैसा रकम (करिब ७९%) विनियोजन गरिएको छ।

यसरी विकास बजेट तर्फ छुट्याइएको रु २६ करोड ७७ लाख ९९ हजार ७ सय १८ रुपैंया ९६ पैसा रकम मध्ये वडागत सिलिङको आधारमा १२ वटा वडा समितिको कार्यालयबाट टोल बस्तीस्तर हुँदै सहभागितामुलक तवरले ल्याइएका कुल आयोजना र कार्यक्रम अन्तर्गत रु. ६ करोड ३० लाख को विभिन्न विषयक्षेत्रमा विभिन्न आयोजना एवम् कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ । भने वडा समितिको कार्यालयद्वारा सिफारीस भइ आएका एवम् गाउँ कार्यपालिका र विभिन्न समितिहरुले आवश्यकता पहिचान गरेका भवन निर्माण, ठुला सडक आयोजना विषयगत शाखाका कार्यक्रम गाउँपालिकाको संस्थागत विकास लगायतका विभिन्न आयोजना तथा कार्यक्रमहरुमा २० करोड ४७ लाख ९९ हजार ७ सय १८ रुपैंया ९६ पैसा तपशिल बमोजिमको विषयगत क्षेत्र अन्तर्गत हुनेगरि वजेट तथा कार्यक्रम तर्जुमा समितीले थप छलफल गरि विनियोजन गरिनेछ ।

तपशिलः

- आर्थिक विकास
- सामाजिक विकास
- पूर्वाधार विकास
- वातावरण तथा विपद व्यवस्थापन
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन
- समपुरक कोष

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण गर्ने एवम् गाउँपालिकाभित्र महामारीबाट प्रभावित सम्पूर्ण नागरिकको सेवाङ्गीण हित गर्दै हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै विकास निर्माणलाई गति दिने अठोटका साथ आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

सम्मानित गाउँसभामा प्रस्तावित यस नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात् यस गाउँपालिकाको राजनीतिक, आर्थिक र सामाजिक व्यवस्थामा उल्लेख्य सुधार भई सामाजिक न्याय

स्थापित हुने र नागरिकको जीवनस्तरमा सुधार हुने विश्वास गरिएको छ । नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई हितकारी संघ र संस्था तथा नागरिक समाजबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। कोभिड-१९ महामारीको यस असमान्य अवस्थामा यस गाउँपालिकाका सम्पूर्ण नागरिकहरुवीच समन्वय समझदारी एवम् सहकार्यको आशा गर्दछु ।

**धन्यवाद ।**

**सरला बोलखे** (उपाध्यक्ष)
**बकैया गाँउ कार्यपालिका**

**मिति :२०७८ साल असार १० गते**

बकैया गाउँपालिका, मकवानपुर